# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५ ) काठमाडौं, भदौ १४ गते २०५२ साल ( अतिरिक्ताङ्क २१ (क)

## भाग ४

### संसद सचिवालयको सूचना

श्री ५ महाराजाधिराजका हजूरमा श्री ५ बाट आव्हान भई सम्वत् २०५२ साल असार २ गतेका दिन बस्ने व्यवस्था भएको प्रतिनिधिसभाको अधिवेशन प्रतिनिधिसभाको विघटनको कारणले उक्त मितिमा बस्न नसकेकोमा सर्वोच्च अदालतको मिति २०५२ साल भाद्र १२ को निर्णयअनुसार प्रतिनिधिसभा पुनर्जीवित भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा ३ बमोजिम प्रतिनिधिसभाको अधिवेशन संवत् २०५२ साल भाद्र २० गते मंगलबारका दिन साँझ ५.०० बजे संसद भवन, सिंहदरबार काठमाडौंमा बस्न उपयुक्त देखिएको हुँदा उक्त बमोजिम मिति तोकिबक्सनका लागि प्रतिनिधिसभाका सम्माननीय सभामुखले मिति २०५२ साल भाद्र १४ गतेका दिन चढाई पठाउनुभएको जाहेरी-पत्रको व्यहोरा जाहेर हुँदा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (३) बमोजिम संवत् २०५२ साल भाद्र २० गते मंगलबारका दिन सांझ ५.०० बजे संसद भवन सिंहदरबार, काठमाडौंमा प्रतिनिधिसभाको अधिवेशन बस्ने गरी तोकिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
जीवनलाल सत्याल
संसदको महासचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।